# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## नलगाड नगरपालिका

### जाजरकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## नलगाड नगरपालिका

## जाजरकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## नलगाड नगरपालिका

जाजरकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।७०
च.नं. ७०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
नलगाड नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
जाजरकोट ।

**कैफियत सहितको राय**

हामीले नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.६ करोड ६० लाख ३३ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.३ लाख ७२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड १३ लाख १२ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ३९ लाख ८५ हजार र पेश्की रू.३ लाख ६३ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.११ करोड ५७ लाख १६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.७ करोड ९० लाख ६४ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(.........................)

नायब महालेखापरीक्षक

नलगाड नगरपालिका, जाजरकोट

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६७ | ८४ | ६६०३३ | ० | ० | ० | ६७ | ८४ | ६६०३३ | ३७२ | ३३९८५ | ३१३१३ | ० | ० | ६५२९८ | ३६३ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नलगाड नगरपालिका जाजरकोट | ११५७१६ | ० | १०२७२३ | १२९९३ | ३८ | ६६०३३ | ७९०६४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : नलगाड नगरपालिका, जाजरकोट , त्रिबेणी नालागढ़ नगरपालिका , जाजरकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Man Bahadur Giri | २०७८-९-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Yam lal Dhakal | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६६,०३२,६९८.३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,४७,२०,९२४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३,४८,४५,५०२ | **चालु खर्च** | ४१,३२,८२,६५६ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,८९,४८,६३५ | **पूँजीगत खर्च** | १८,२४,३४,२५५ |
| **राजश्व बाँडफाँट** | ९,६०,४९,७८२ | **वित्तीय/अन्य व्यवस्था** | १७,१४,१७,०९० |
| **आन्तरिक आय** | ० | | |
| **अन्य आय** | १७,२८,९४,८४२ | | |
| **कुल आय** | ७५,२७,३८,७६१ | **कुल खर्च** | ७६,७१,३४,००१ |
| **बाँकी मौज्दात** | | ६,०३,२५,६८४ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचयः<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी पालिकामा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नलगाड नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नलगाड नगरपालिकाको उद्देश्य रहेको छ । यस नलगाड नगरपालिका अन्तर्गत १३ वडा, ६९ सभा सदस्य, ३८७.४४वर्ग किलोमिटर क्षेत्रफल तथा २८ हजार ९५० जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०९।०४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>स्थानीय संचित कोष :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।
<table>
<tr><th colspan="4">आय</th><th colspan="4">व्यय</th></tr>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>रकम</th><th>जम्मा</th><th>सि.नं.</th><th>विवरण</th><th>रकम</th><th></th></tr>
<tr><td>१</td><td>गतकोअल्या</td><td>0</td><td>७४७२०९२४।२७</td><td>१</td><td>चालुखर्च</td><td>४१३२८२६५६</td><td>४१३२८२६५६</td></tr>
<tr><td>१.१</td><td>संचितकोष खाता</td><td>७४७२०९२४।२७</td><td></td><td></td><td></td><td></td><td>०</td></tr>
<tr><td>२</td><td>संचितकोषखाताको जम्मा</td><td>0</td><td>५७९८४३९१८।५०</td><td>२</td><td>पुँजिगतखर्च</td><td>१८२४३४२५५</td><td>१८२४३४२५५</td></tr>
<tr><td>२.१</td><td>संघियराजस्व बाँडफाँड</td><td>९६०४९७८१।५०</td><td></td><td>२.१</td><td>आन्तरिकश्रोत</td><td>०</td><td>०</td></tr>
<tr><td>२.५</td><td>संघीयवित्तीय समानिकरण</td><td>९८४०००००</td><td></td><td>३</td><td>संघीयसरकार वित्तीय हस्तान्तरण</td><td></td><td>०</td></tr>
<tr><td>२.६</td><td>संघीयशर्शत अनुदान</td><td>३३१८५६०००</td><td></td><td>३.१</td><td>समानिकरणअनुदान</td><td>०</td><td>०</td></tr>
<tr><td>२.७</td><td>संघियसमपुरक अनुदान</td><td>0</td><td></td><td>३.२</td><td>सर्शतअनुदान</td><td>०</td><td>०</td></tr>
<tr><td>२.८</td><td>संघियविशेष अनुदान</td><td>४५८९५०२</td><td></td><td>३.३</td><td>विशेषअनुदान</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २.९ | प्रदेशसमानिकरण अनुदान | १०१५८००० | | ३.४ | समपुरकअनुदान | ० | ० | |
| | | | २.१ | प्रदेशशर्शत अनुदान | ३२०६८८६६ | | ४ | **प्रदेशवित्तीय हस्तान्तरण** | | ० | |
| | | | २.९ | प्रदेशसमपुरक अनुदान | १६३७१०८ | | ४.१ | समानिकरणअनुदान | ० | ० | |
| | | | २.१० | प्रदेशविशेष अनुदान | ५०८४६६१ | | ४.२ | शसर्तअनुदान | ० | ० | |
| | | | ६ | **अन्तरसरकारीअख्तियारी** | ० | १७१४१७०९० | ५ | **अन्तरसरकारी अख्तियारी** | ० | १७१४१७०९० | |
| | | | ६.१ | पूर्वाधार विकास कार्यक्रम ३३७०१००१४ | १६०९७९३६ | | ५.१ | स्थानीयपूर्वाधार विकास साझेदारी-३६५००१०४ ३ | १६०९७९३६ | ० | |
| | | | ६.२ | सामाजिकसुरक्षा संरक्षण-314010123 | ९८३२३३३६ | | ५.२ | सामाजिकसुरक्षा संरक्षण ३१४०१०१२३ | ९८३२३३३६ | ० | |
| | | | ६.३ | एकिकृतस्वास्थ्य पूर्वाधार विकास कार्याक्रम ३७०००११६४ | २९६८४५९६ | | ५.३ | एकिकृतस्वास्थ्य पूर्वाधार विकास कार्याक्रम ३७०००११६४ | २९६८४५९६ | ० | |
| | | | ६.४ | गरिबसंगविशेश्वयर कार्याक्रम३३६००१०२३ | ९०३५०० | | ५.४ | गरिबसंगविशेश्वयर कार्याक्रम ३३६००१०२३ | ९०३५०० | ० | |
| | | | ६.५ | मुख्यमन्त्रीरोजगार उद्यमशीलता तथा आय आर्जनकार्यक्रम ३०१०००१०२३ | १०५००० | | ५.५ | मुख्यमन्त्रीरोजगार उद्यमशीलता तथा आय आर्जनकार्यक्रम ३०१०००१०२३ | १०५००० | ० | |
| | | | ६.६ | मुख्यमन्त्रीरोजगार उद्यमशीलता तथा आय आर्जनकार्यक्रम ३०१०००१०२४ | २४७०२७२२ | | ५.६ | मुख्यमन्त्रीरोजगार उद्यमशीलता तथा आय आर्जनकार्यक्रम ३०१०००१०२४ | २४७०२७२२ | ० | |
| | | | ६.७ | आन्तरिक मामिला तथा कानूनमन्त्रालय३१३०००११ | १६००००० | | ५.७ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १६००००० | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ३ | | | | ३१३०००११३ | | |
| | | | | ६ | **धरौटीखाताको खर्च** | ५३२५२५ | ५३२५२५ |
| **७** | **विविध** | ० | १४७७७५२ | ७ | **बैंक मौज्दात** | | ५९७९३१५८।७७ |
| ७.१ | विविधखर्च खाताको आम्दानी अन्य आम्दानी | ७१४४८६ | | | संचीतकोष खाता | ५४१६९४।२७ | ० |
| ८ | धरैटीखाता | ७६३२६६ | | | स्थानीयप्रकोष व्यवस्थापन कोष खाता | ५५१८० | ० |
| | | | | | चालुखर्च खाता | ४३०१७०६३।५० | ० |
| | | | | | पुँजिगतखर्च खाता | १५२८९१७४ | ० |
| | | | | | धरौटीखाता | ८४२५०२ | ० |
| | | | | | विविधखर्च खाता | ४७५४५ | ० |
| | **जम्मा** | | **८२७४५९६८४।७७** | | **जम्मा** | | **८२७४५९६८४।७७** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **लेखापरिक्षणको क्रममा असुली :** दान बहादुर मल्लको दाखिला गर्न बाकी राजश्व रु २००००।०० लेखा परीक्षणका क्रममा असुल दाखिला भएको । | |
| ४ | | | **जिम्मेवारी फरक परेको** पालिकाको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर पालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.७,४३,८७,०२८.०२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.७४७२०९२४.२७ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३३३८९६.२५ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>

**बैक हिसाब मिलान नगरेको**

पालिका सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम पालिकाले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।

<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार २०७९।३।३१को बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार २०७९।३।३१ को बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>चालु खर्च खाता</td><td>४३०१७०६३.५</td><td>४५८९५६५६.६</td><td>२८७८५९३.१०</td></tr>
<tr><td>२</td><td>पुजिगत खर्च खाता</td><td>१५२८९१७४.</td><td>२०६२१२८४.</td><td>५३३२११०.००</td></tr>
<tr><td>३</td><td>विविध खर्च खाता</td><td>४७५४५.</td><td>१०७५६०२.</td><td>१०२८०५७.००</td></tr>
<tr><td>४</td><td>पालिका धरैटी खाता</td><td>५३२५३४.</td><td>११३४०४०.</td><td>६०१५०६.००</td></tr>
<tr><td>५</td><td>स्थानीय संचितकोष खाता</td><td>५४१६९४.२७</td><td>८४८५०२.</td><td>३०६८०७.७३</td></tr>
<tr><td>६</td><td>पालिका प्रकोष व्यवस्थापन कोष खाता</td><td>७२०.</td><td>६६५४७.</td><td>६५८२७.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५९४२८७३०.७७</td><td>६९६४१६३१.६०</td><td>१०२१२९००.८३</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>

**आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>• पालिका संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणरमुखि रहेको पाईयो।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामाग्री वितरण गरेको पाईयो<br><br>• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br><br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br><br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५५ जनाको दरबन्दी रहेकोमा ३० दरबन्दी रिक्त रहेको पाईयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.२०९३३८४७।०० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br><br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र पालिकाका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उप प्रमुख श्री बाल कुमारी बस्नेतले मिति २०७८।०३।१० गते रु.७० करोड ४६ लाख ५७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१०। मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले २०७८।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९ | | | **बजेट सीमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **गत बर्षको दायित्व**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.५५लाख ८५ हजार ३६५ भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष (२०७८।७९) उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| ११ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br>पालिकाको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br>(तालिका तल)<br>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्य सामाजिक विकासमा सबैभन्दा बढी ५१.७७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ७.६७ प्रतिशत रहेको छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६३३४० | ५३२०४ | ८.९३ |
| २ | पूर्वाधार विकास | १०६१६२ | ८२२६३ | १३.८१ |
| ३ | सामाजिक विकास | ३५६१६० | ३०८४२० | ५१.७७ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५८६४२ | ४५६८८ | ७.६७ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२०३५३ | १०६१४१ | १७.८२ |
| **जम्मा** | | **७०४६५७** | **५९५७१६** | १०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>

**लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम कार्यालयले त्रैमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियमावली बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>**मुख्य कार्यक्रम संख्या**</td><td>१२</td><td>०</td><td>०</td><td>१२</td><td>०</td></tr>
<tr><td>**सहायक कार्यक्रम संख्या**</td><td>१७१</td><td>०</td><td>०</td><td>३</td><td>१६८</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **सेवाप्रवाहको स्थिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १५७१ |
| मृत्युदर्ता | १९२ |
| बसाईसराई दर्ता | ६६ |
| विवाह दर्ता | ५६० |
| सम्बन्धविच्छेद दर्ता | १ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| सडक मर्मत (कि मि) | ६५।५९ |
| नयाँ ट्र्याक खोल्ने कार्य (कि मि) | ५२।३० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **योजना छनौट र कार्यान्वियन**<br>: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ।नगर विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु १ लाख सम्म: ३१; रु १ लाख देखि २ लाखसम्म: ५५; रु २ लाखदेखि ५ लाखसम्मका: ४८; रु ५लाख देखि १० लाखसम्मका: २१; रु १०-५० लाख सम्म: १५; ५० लाख भन्दा बढी: १; जम्मा: १७१ | |

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-५० लाख सम्म | ५० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| ३१ | ५५ | ४८ | २१ | १५ | १ | १७१ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५० हजार देखि ७५ लाख सम्मका जम्मा १७१ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ३१ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **त्रैमासिक पूँजीगत खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना | |
| १ | पूँजिगत खर्चतर्फ | १८२४३४ | ४९४३ | ५४५२३ | १२२९६७ | ६३३०० | |
| **प्रतिशत** | | **१००** | **२.७१** | **२९.८९** | **६७.४०** | **३४.७०** | |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१८ करोड २४ लाख ३४ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.४९ लाख ४३ हजार अर्थात २.७१ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.५ करोड ४५ लाख २३ हजार, अर्थात २९.८९ प्रतिशत तेश्रो त्रैमासिकमा रु.१२ करोड २९ लाख ६७ हजार, अर्थात ६७.४० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६ करोड ३३ लाख अर्थात ३४.७० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम पालिकाको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १७ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले विभिन्न सव ईन्जिनियर अ.स.ई कार्यालय सहयोगी लगायत पदमा ९२ जना कर्मचारीहरु करारमा राखि रु.१ करोड ४२ लाख ५९ हजार खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको विभिन्न सव ईन्जिनियर अ.स.ई लगायत पदमा ७० जना करार नियुक्ति गरी बर्षभरीमा रु.९२ लाख १५ हजार भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राख्नु नियमसम्मत नदेखिएको रु | ९,२१५,००० |
| १८ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार पालिकाहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार पालिका सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३० वटा ऐन, ८ वटा नियमावली, ३९ कार्यविधि ५ मापदण्ड लगायत ८७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>न्यायीक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २३ र यो बर्ष थप भएको ३८ गरी कुल ६१ विवाद दर्ता भएकोमा १३ वटा मात्र फर्स्यौट भई ४८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । पालिकाका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति :<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><table><tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr><tr><td>१३</td><td>१३</td><td>४</td><td>९</td></tr></table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br>पालिका संचालन ऐन, २०७४ को दफा ७७ (२) मा पालिकाले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नलगाड नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण शाखा :<br>प्रत्येक पालिकाले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>डोजर, लोडर, एक्साभेटर मर्मत :<br>पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रु.८ लाख ७१ हजार ६ सय खर्च गरेकोमा उक्त ब्याक हो लोडर भाडामा लगाएबापत कार्यालयले रु.१९ लाख २४ हजार मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।<br><table><tr><th>सि.नं</th><th>मेशिनरी</th><th>संख्या</th><th>मर्मत तथा ईन्धन रकम</th><th>आम्दानी रकम</th></tr><tr><td>१</td><td>ब्याक हो लोडर</td><td>१</td><td>८७१६००</td><td>११४६०००</td></tr><tr><td>२</td><td>एम्बुलेन्स</td><td>१</td><td>५५००००</td><td>७७८०००</td></tr><tr><td colspan="2">जम्मा</td><td>२</td><td>१४२१६००</td><td>१९२४०००</td></tr></table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>महोत्सव तथा अन्य खर्च<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर पालिकाले यस वर्ष नलगाड महोत्सव, कार्यमा रु.५ लाख खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२२ लाख ३१ हजार खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>आर्थिक सहायता –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकाको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष १०३ जनालाई रु.३ हजार देखि रु.१ लाख सम्म गरी रु.१६ लाख ६६ हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **म्याद ननाघेको पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायका कार्यमा रु.८ लाख ७० हजार ५१५ पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट गर्नुपर्दछ । | |
| २९ | | | **पेश्की बाँकी :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि नियमावली, २०७७ बमोजिम पेश्की फछ्र्यौट हुनुपर्दछ । यस वर्ष देहाय अनुसार म्याद ननाघेको मोविलाईजेशन पेश्की रु.८७०५१५।०० र म्याद नाघेको अन्य पेश्की रु.३६३०००।०० रहेको छ । म्याद नाघेको अन्य पेश्की फर्स्यौट हुनु पर्ने रु. | ३६३,००० |
| ३० | | | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.८५ लाख ५० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.६७ लाख ४९ हजार ५ सय ४१ अर्थात अनुमान भन्दा २१.०६ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |

Table in item २८:

| क्र स | पेश्की लिने फर्म तथा व्यक्ति | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | अनमोल निर्माण सेवा | सामुदायिक स्वास्थ्य एकाई जुरेली भवन निर्माण योजना वडा नं. १ | ४९०५१५ |
| २ | ओली निर्माण सेवा | समपुरकक ोष | ३८०००० |
| **जम्मा** | | | **८७०५१५** |

Table in item २९:

| क्र स | पेश्की लिने फर्म तथा व्यक्ति | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | साम्नेखेत गमराख गारकम्द कोलचिउरा सडक निर्माण उ स | साम्नेखेत गमराख गारकम्द कोल्चिउरा सडक निर्माण | ३,६३,०००.०० |
| **जम्मा** | | | **३,६३,०००.००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>
कर तथा शुल्क असुली -<br>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>व्यवसाय कर</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>वहाल विटौरी शुल्क</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>अन्य आय</td><td>८५५००००</td><td>६७४९५४१</td><td>७८.९४</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
राजश्व अभिलेख :<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा भएको व्यवस्था अनुसार कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा अघिल्लो आ.व.को बाँकी के कति रसिद छन सोको पुर्ण अभिलेख राखेको देखिएन । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ। पालिका अन्तर्गत १३ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम एक महिनाभित्र दाखिला हुने गरेको छ । कानूनले तोकिएको समयावधि भित्र राजस्व रकम दाखिला गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व पालिकाले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टिङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने गरेकोमा नियमानुसार समयमा दाखिला गर्न पालिकाले व्यवस्था मिलाउनु पर्दछ । | |
| ३४ | | | **सवारी कर :**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष रु.५०००।०० हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३५ | | | **व्यवसाय कर -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२१००००।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **पालिकाका पदाधिकारी सुविधा**<br>कर्णाली प्रदेश पालिकाका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु.१२७१९९००।०० रकम सुविधा वापत भुक्तानी गरेको छ । | |

| सि.नं | विवरण | नगर प्रमुख | नगर उपप्रमुख | वडा अध्यक्ष १३जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ४६जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | अनुगमनभत्ता | २१६००० | १६८००० | १२४८००० | ४८०००० | १३८०००० | ३४९२००० |
| २ | यातायातखर्च | ९६००० | ८४००० | ३९०००० | २४०००० | ० | ८१०००० |
| ३ | टेलिफोन,मोबाइल | ३६००० | ३६००० | ६०८४०० | १४४००० | ५५२००० | १३७६४०० |
| ४ | पुस्तक,पत्रीका, | ३६००० | ३६००० | ४६८००० | १४०००० | ५५२००० | १२३२००० |
| ५ | विधुततथा उर्जा | ४८००० | ३६००० | २०२८०० | ४८००० | २७६००० | ६१०८०० |
| ६ | अतिथिसत्कार | ६०००० | ६०००० | ७८०००० | १४४००० | ५५२००० | १५९६००० |
| ७ | खानेपानी/बिजुली/ | ६०००० | ४८००० | ३१२००० | १४४००० | २७६००० | ८४०००० |
| ८ | चाडपर्वखर्च | १५००० | १५००० | १९५००० | १२०००० | ६९०००० | १०३५००० |
| ९ | बैठकभत्ता | ० | ० | ० | ० | ० | ७०५८०० |
| १० | बैठकभत्ता १३ बडामा | ० | ० | ० | ० | ० | १०२१९०० |
| **जम्मा** | | **५६७०००** | **४८३०००** | **४२०४२००** | **१४६००००** | **४२७८०००** | **१२७१९९००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>पदाधिकारीले प्रयोग गरेको सामानः<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाका पदाधिकारीहरुले प्रयोग गरेको जिन्सी माल सामान आफ्नो पदभार मुक्त भए पश्चात पालिकालाई हस्तान्तरण गर्नुपर्नेमा लेखापरीक्षणको अवधि सम्म पनि फिर्ता गरेको नपाईएकाले देहायका पदाधिकारी लगायत सम्पुर्णको एकिन गरि पालिकाले फिर्ता गर्नुपर्ने देखिन्छ ।<br><table><tr><th>क्र स</th><th>पद नाम</th><th>लिएको सामान</th><th>मुल्य</th></tr><tr><td>१</td><td>राम माया हमाल नगर कार्यपालिका सदस्य</td><td>मोवाईल Vivo-U20 (S/12800B)</td><td>५००००</td></tr></table></td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>स्वकीय सचिव र सल्लाहकार<br>कर्णाली प्रदेश पालिकाका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा पालिकाका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँ/नगर प्रमुखको स्वकीय सचिवका रुपमा खरिदार स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री लोकेन्द्र विक्रम शाही लाई नियुक्त गरी मासिक रु.२३०००।०० का दरले रु.२ लाख ९९ हजार भुक्तानी भएको छ । यसरी नियमावलीमा भएको व्यवस्था विपरीतको कार्य नियमसम्मत नदेखिएको रु</td><td>२९९,०००</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>सवारीसाधन खरिद<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको पालिकामा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ७ थान दुई पांङ्ग्रे सवारि साधन खरिदमा रु.१९४९३००।००, बजेटबाट खर्च गरेको छ ।<br><table><tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr><tr><td>१</td><td>मोटरसाइकल</td><td>७</td><td>१९४९३००</td></tr><tr><td colspan="2">जम्मा</td><td>७</td><td>१९४९३००</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना :<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८ करोड २४ लाख ३४ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>सफ्टवेयर खरिद<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । पालिकाले आफ्नो काम सम्बन्धी राजश्व व्यवस्थापन प्रणाली सफ्टवेयर खरिद गरी रु.४ लाख ९७ हजार २ सय खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>ईन्धन खर्चको लगबुक नभएकोः<br>आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकामा भएको डोजरबाट सडक मर्मत कार्य गरेको तथा अन्य सवारी सञ्चालन वापत ईन्धन खर्च लेखेकोमा डोजर प्रयोग तथा अन्य साधनको लगबुक भरेको पाईएन । जसले गर्दा वास्तविक रुपमा कति ईन्धन खर्च भएको हो एकिन गर्ने आधार रहेन । तसर्थ सवारी साधन प्रयोग गरेकोमा लगबुक राखी ईन्धन खर्च मा मितव्ययिता कायम गर्नुपर्दछ ।
<table>
<tr><th>सि नं</th><th>प्रयोजन</th><th>ईन्धन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कार्यालय प्रयोजन</td><td>ईन्धन</td><td>२२३१०००</td></tr>
<tr><td>२</td><td>सवारी साधन मर्मत</td><td>मर्मत तथा अन्य</td><td>२५७९६००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>जिन्सी दाखिला प्रमाणः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी रकमको हकमा सोही दिनमा वा सोको भोलीपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिशन ईन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा लिबाट कार्य सम्पन्न भएको जुरेली स्वास्थ्य चौकी भवन निर्माण नलगाड १ जुरेली जाजरकोटको विस्तृत अध्ययन प्रतिवेदनको जिन्सी दाखिला गरेको नपाइएकोले सोको जिन्सी दाखिला प्रमाण पेश हुनुपर्ने रु.</td><td>४९२,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>अनुत्पादक खर्च<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.१००००००।०० खर्च गरेको देखिन्छ ।<br><table><tr><th>गो.भौ नं.र मिति</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr><tr><td>५०१।०७९।२।११</td><td>राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल</td><td>वृत चित्र निर्माण</td><td>५०००००</td></tr><tr><td>४८५।०७९।१।२२</td><td>श्री जुनी वाल संरक्षण मा वि</td><td>नगर प्रमुख खेलकुद प्रतियोगिता संचालन</td><td>५०००००</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>१००००००</td></tr></table><br>यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **विरुवा खरिदः**<br>पालिकाले विरुवा खरिद गर्दा सके सम्म सरकारी फर्मबाट खरिद गर्नुपर्ने र यदि सरकारी फर्ममा उपलब्ध हुन नसके जिल्ला कृषि विकास कार्यालयले तोकेको कृषि श्रोत केन्द्रबाट विउ विरुवा खरिद गरिनु पर्दछ । र यसरी खरिद गरिएको विउ विरुवाको जर्मिनेशन परीक्षण गरेपछि मात्र कृषकलाई उपलब्ध गराउनु पर्दछ । पालिकाले देहायका कृषि प्राविधिक कर्मचारीहरु लाई भुक्तानी दिई कार्यक्रम वापत भुक्तानि दिएको छ । पालिकाले कृषकहरुको लागि खरिद गरी वितरण गरेको भरपाई पेश भएको छ । यसरी खरीद गरिएको विउ विरुवा विक्री गर्ने विक्रेता जिल्ला कृषि विकास कार्यालयबाट श्रोत केन्द्र तोकेको प्रमाण पेश नभएको र खरिद गरिएका विउ विरुवा उपयूक्त भए नभएको एकिन गर्न सकिने अवस्था देखिएन । यस सम्वन्धमा पालिकाको समेत ध्यान जानुपर्ने देखिन्छ ।केही उदाहरणहरु यस प्रकार छन् | |

| गो भौ नं मिति | विक्रेता | खरिद भएको विरुवा | रकम | वितरण |
|---|---|---|---|---|
| ६४५।०७९।३।२४ | रामप्रदेश फलफुल नर्सरी वागवानी फार्म रौतहट | १२०० आप कलमी विरुवा र १५०० कागती विजु | १५७५०० | कृषक लाई दामाशाहीरुपमा |
| | आधुनिक बाख्रापालन तथा कृषि फर्म जाजरकोट | १२०० सुन्तला कलमी र ६५० सुन्तला विजु | ७०२५० | कृषक लाई दामाशाहीरुपमा |
| ६४८।०७९।३।२४ | मोर्डन एग्रो टेक्नोलोजी बाँके | ८५ के.जि कालो धन (उन्नत वीउ) र १००० कोदो (लोकल) | १८१००० | कृषकलाई दामाशाही रुपमा वितरण |
| ६४७।०७९।३।२४ | न्यू उषा कृषि फर्म दल्ली ७ जाजरकोट | ५००० के.जि लसुनको विउ | ७५०००० | ७३ जना कृषकलाई |
| | नलगाड नर्सरी जाजरकोट | ७००० वटा टिमुरको विजु विरुवा | १४०००० | १३१ जना कृषकलाई |
| | पवित्र विउ उद्योग सुर्खेत | १५०० केजि धान शुख्खा ३ विउ | १२०००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>
ठेक्का व्यबस्थापनः<br>
सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिका । पालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः (रु.हजारमा)
<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>३०६१९५</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>१२</td><td>३०६१९५</td><td>०</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>
प्रयोजन वेगर गाडी रिजर्वः<br>
आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षको अवधिमा कार्यालयको कार्य प्रयोजन वेगर कर्मचारी तथा पालिकाका पदाधिकारीहरुले गाडी रिजर्व प्रयोग गरी भुक्तानी गरेको छ । जसमा केही यस प्रकार छन् । यस्ता कार्यमा मितव्यीतता अपनाउनु पर्दछ ।
<table>
<tr><th>गो भौ नं र मिति</th><th>विवरण</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>४८१।०७९।१।२२</td><td>ठोकेन्द्र बहादुर गिरिलाई गाडि रिर्जव वापत भुक्तानी दिएको</td><td>नखुलेको</td><td>४००००</td></tr>
<tr><td>४६०।०७९।१।१३</td><td>सुरेन्द्र बस्नेतलाई गाडि रिर्जव वापत भुक्तानी दिएको</td><td>नखुलेको</td><td>७२०००</td></tr>
<tr><td>३९९।०७८।१२।१५</td><td>जनक बहादुर वि कलाई गाडि रिर्जव वापत भुक्तानी दिएको</td><td>नखुलेको</td><td>४९०००</td></tr>
<tr><td>३७६।०७८।११।२९</td><td>जनक बहादुर वि कलाई गाडि रिर्जव वापत भुक्तानी दिएको</td><td>नखुलेको</td><td>६८०००</td></tr>
<tr><td>३६९।०७८।११।२०</td><td>सुरेन्द्र बस्नेतलाई गाडि रिर्जव वापत भुक्तानी दिएको</td><td>नखुलेको</td><td>६४०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२९३०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **भ्रमण खर्च :**<br>कर्णाली प्रदेश अन्तर्गतका पालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br><br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br><br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br><br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ४९ | | | **विल भरपाईः**<br>आर्थिककार्यबिधितथावित्तियउत्तरदायित्वनियमावली२०७७कोनियम३९(५) बमोजिमखर्चलेख्दाखर्चकोबिलभरपाईसहितलेखाराख्नुपर्नेव्यवस्थाछ।पालिकाले देहाय अनुसारको भुक्तानीमा संलग्न फाटवारीमा विल भरपाई पेश वेगर भुक्तानी दिएकाले तथा पेश्की फर्स्यौट गरेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुलगरीआन्तरिक कोषमादाखिलागर्नुपर्नेरु. | ६४९,९१५ |

| गो.भौ.नं र मिति | विवरण | रकम |
|---|---|---|
| ६०१। ०७९।३। १९ | राम बहादुर बटलालाई स्वास्थ्य कर्मी कर्मचारीको अतिरिक्त समय कार्यको भत्ता तथा अन्य भत्ता भुक्तानी वापत रु.१८१६३८।०० दिएकोमा संलग्न फाटवारीमा रु.३१३२३।०० रकम बुझेकोप्रमाण पेश भएको नदेखिएकाले बुझेको प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | ३१३२३ |
| ३०४। ०७८। १०।२३ | हिमालयन मेडीसिन कन्सर्न लाई औषधि खरिद वापत भुक्तानी रु.१७८५४०।०० दिएकोमा फोटोकपी विलभरपाई पेश भएकोले सक्कल प्रमाण पेश गर्नुपर्ने रु. | १७८५४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | २९१। ०७८। १०।२१ | नेपाल जागरण मिडिया प्रा लि लाई सुचना प्रकाशन वापत भुक्तानी रु.१०७५७६।०० दिएकोमा फोटोकपी विलभरपाई पेश भएकोले सक्कल प्रमाण पेश गर्नुपर्ने रु. | १० ७५ ७६ | |
| | | | २५६। ०७८। १०।१० | मनास्लु एडभर्टाईजिङ्ग एण्ड मिडिया प्रा लि लाई सुचना प्रकाशन वापत भुक्तानी रु.१०७५७६।०० दिएकोमा फोटोकपी विलभरपाई पेश भएकोले सक्कल प्रमाण पेश गर्नुपर्ने रु. | १० ७५ ७६ | |
| | | | २३९। ०७८। १०।६ | झलक घर्तिलाई पदाधिकारी बैठक भत्ता खर्च वापत रु.४५००० भुक्तानीमा संलग्न फाटवारीमा रकम बुझेकोप्रमाण पेश भएको नदेखिएकाले बुझेको प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | ४५ ०० ० | |
| | | | १९१। ०७८।९। २३ | ललिता चलाउनेलाई पदाधिकारी बैठक भत्ता खर्च वापत रु.१७४३०० भुक्तानीमा संलग्न फाटवारीमा रकम बुझेकोप्रमाण पेश भएको नदेखिएकाले बुझेको प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | १७ ४३ ०० | |
| | | | ५३५। ०७९।३। ८ | कृष्ण खनाललाई सवारी साधन मर्मत खर्च वापत रु.५६०० भुक्तानीमा संलग्न फाटवारीमा विल भरपाई पेश भएको नदेखिएकाले प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | ५६ ०० | |
| | | | **जम्मा** | | **६४ ९९ १५** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **पारिश्रमिक कर छूटः**<br>आयकर ऐन, 2058 को दफा 8७ अनुसार रोजगार दाताबाट अनुसूची १ बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।यस पालिकामा कार्यरत कर्मचारीहरु तथा पदाधिकारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ३२,३१० |

| कर्मचारीको नाम | खुद बार्षिक आय | कर छुट | कर योग्य आय | कट्टी गरेको | छुट पारिश्रमिक कर |
|---|---|---|---|---|---|
| जुना शाही | ६०९४७० | ४८०००० | १२९४७० | ०।०० | १४३१० |
| टेक बहादुर रावल | ५६७००० | ४८०००० | ८७००० | ०।०० | ८७०० |
| बाल कुमारी बस्नेत | ४८३००० | ४८०००० | ३००० | ०।०० | ३०० |
| नगर प्रमुख | ५६७००० | ४८०००० | ८७००० | ०।०० | ८७०० |
| नगर उप प्रमुख | ४८३००० | ४८०००० | ३००० | ०।०० | ३०० |
| **जम्मा** | | | | | **३२३१०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **करार कर्मचारीलाई भत्ताः**<br>सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ । पालिकाले विभिन्न शिर्षकबाट तलव भत्ता खाने गरी देहायका पदमा करार कर्मचारी भर्ना गरि भत्ता भुक्तानी भएको देखिन्छ । यसरी नियम विपरित भत्ता भुक्तानी दिएको नियमसंम्मत नदेखिएको रु. | १७६,४०० |

| सि न | नाम | भत्ता शिर्षक | रकम (मासिक) | जम्मा(वार्षिक) |
|---|---|---|---|---|
| १ | जनक खड्का | स्थानीय भत्ता | ५५०० | ६६००० |
| २ | भगवति जैसी | स्थानीय भत्ता | ४६०० | ५५२०० |
| ३ | गणेश खत्री | स्थानीय भत्ता | ४६०० | ५५२०० |
| **जम्मा** | | | | **१७६४००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **भुक्तानीमा कर** | १४६,५८६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.१४६५८६।०० कर कट्टी गरी बैक दाखिला गरेको प्रमाण श्रेश्ताको फाटवारीमा पेश भएको छैन । तसर्थ उक्त कर असुल दाखिला हुनुपर्ने रु. | |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| ५७६।०७९।३।१६ | पालिकाका ६६ जना पदाधिकारीहरुलाई पारिश्रमिक वापत भुक्तानीमा कर दाखिला छुट भएको | २३९०००० | १% | २३९०० |
| ६९८।०७९।३।३२ | ठकेन्द्र बहादुर गिरिलाई चुनाव सामान ढुवानी वापत भुक्तानीमा ढुवानी कर दाखिला छुट भएको | १००००० | १०% | १०००० |
| ४५६।०७९।१।११ | नेपाल रेडक्रस सोसाईटीलाई आँखा शिविर संचालन वापत भुक्तानीमा ढुवानी कर दाखिला छुट भएको | ५५००० | १०% | ५५०० |
| ४२५।०७८।१२।२३ | ९ नं वडाको कार्यसञ्चालन खर्च वापत गोविन्द चौधरीलाई भुक्तानीमा कर दाखिला छुट भएको | ३६००० | १५% | ५४०० |
| ३०२।०७८।१०।२ | पालिकाका ६६ जना पदाधिकारीहरुलाई पारिश्रमिक वापत भुक्तानीमा कर दाखिला छुट भएको | ३०७४००० | १% | ३०७४० |
| २२२।०७८।९।३० | १० नं वडाको कार्यसञ्चालन खर्च वापतको दुर्गा बहादुर नाथको पेश्की फर्स्योटमा कर दाखिला छुट भएको(बैठक भत्ता र सामान खरिद) | ३६००० र १३३४०० | १५% र १.५% | ७४०१ |
| ६९७।०७९।३।३२ | न्यायिक समितिको अन्तरक्रिया गोष्ठी संचालनको सुमन गौतमको पेश्की फर्स्योटमा कर दाखिला छुट (पारिश्रमिक कर तथा ढुवानी कर) भएको | २००००० | १५% र १०% | २१४१४ |
| ६९६।०७९।३।३२ | ११ नं वडाको कार्यसञ्चालन खर्च वापतको दुर्गा बहादुर नाथको पेश्की फर्स्योटमा कर दाखिला छुट भएको(बैठक भत्ता र सामान खरिद) | १६१४०० | १५% र १.५% | ८०९१ |
| ६८२।०७९।३।३२ | ठकेन्द्र बहादुर गिरीको तालिम कार्यक्रम पेश्की फर्स्योटमा कर दाखिला छुट भएको | १७५०० | १५% | २६२५ |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ६९४।०७९।३।२८ | प्रचण्ड कुमार कार्कीको तालिम कार्यक्रम पेश्की फस्योँटमा कर दाखिला छुट भएको | ४५००० | १५% | ६७५० | |
| | | | ६३८।०७९।३।२४ | कृषि क्याम्पस प्रविधि सहयोग कार्यक्रम वापत त्रिभुवन मा वि नलगाड ७ जाजरकोट लाई भुक्तानीमा कर दाखिला छुट भएको | २००००० | १.५% | ३००० | |
| | | | ६७१।०७९।३।३१ | लाल बहादुर खत्रीको सहकारी तालिम कार्यक्रम पेश्की फस्योँटमा कर दाखिला छुट भएको | १४५१०० | १५% | २१७६५ | |
| | | | | **जम्मा** | | | **१४६५८६** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>

**शिक्षक दरवन्दी र पदपूर्ति -**

पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत विभिन्न तहका ७१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

<table>
<tr><td rowspan="2">क्र सं</td><td rowspan="2">विद्यालय</td><td colspan="4">शिक्षकदरबन्दी</td><td colspan="5">पदपुर्ती</td><td rowspan="2">विद्यार्थी संख्या</td></tr>
<tr><td>दरबन्दी</td><td>राहत</td><td>शिक्षण सिकाइ अनुदान संघ</td><td>नगर का शिक्षक अनुदान</td><td>स्थायी</td><td>करार</td><td>राहत</td><td>शिक्षण सिकाइ अनुदान</td><td>नगरशिक्षक अनुदान</td></tr>
<tr><td>१</td><td>वालविकास</td><td>४८</td><td>०</td><td>०</td><td>२०</td><td>०</td><td>४८</td><td>०</td><td>०</td><td>२०</td><td>१२३६</td></tr>
<tr><td>२</td><td>प्रा वि</td><td>१०३</td><td>४१</td><td>०</td><td>५</td><td>८८</td><td>१५</td><td>४१</td><td>०</td><td>५</td><td>५०१५</td></tr>
<tr><td>३</td><td>निमा वि</td><td>१७</td><td>७</td><td>९</td><td>०</td><td>१६</td><td>१</td><td>७</td><td>९</td><td>०</td><td>२३९८</td></tr>
<tr><td>४</td><td>मा वि</td><td>१२</td><td>२</td><td>६</td><td>०</td><td>१०</td><td>२</td><td>२</td><td>६</td><td>०</td><td>१४९९</td></tr>
<tr><td>५</td><td>उमावि</td><td>७</td><td>५</td><td>०</td><td>०</td><td>०</td><td>७</td><td>५</td><td>०</td><td>०</td><td>७६०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१८७</td><td>५५</td><td>१५</td><td>२५</td><td>११४</td><td>७३</td><td>५५</td><td>१५</td><td>२५</td><td>१०९०८</td></tr>
</table>

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>

**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले पालिकालाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. १२७९०५००।०० तलब भत्ता तथा विभिन्न अनुदान भुक्तानी गरेको पाईयो ।यसरी नियममा भएको व्यवस्था विपरीतको कार्य नियमसम्मत नदेखिएको रु
</td><td>१२,७९०,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार भौतिक निर्माणः<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक पालिकाले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, पालिका अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु पालिकाले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. ५२ लाख ९२ हजार निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि न</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रामभक्त प्रावि</td><td>२ कोठे भवन निर्माण</td><td>१७६४०००</td></tr>
<tr><td>२</td><td>नमूना प्रा वि</td><td>२ कोठे भवन निर्माण</td><td>१७६४०००</td></tr>
<tr><td>३</td><td>हिमालय प्रा वि</td><td>२ कोठे भवन निर्माण</td><td>१७६४०००</td></tr>
</table></td><td>५,२९२,०००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>कन्टेन्जेन्सी कट्टा गर्न नमिल्ने :<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को खण्ड १(३) को (र) मा विद्यालयमा जाने भौतिक निर्माणको रकममा कार्यालयले कन्टेन्जेन्सी कट्टा गर्न नपाइने उल्लेख भएकोमा निम्न विद्यालयहरुलाई राष्ट्रपति शैक्षिक सुधार तथा भवन निर्माणको निकासा दिदा कन्टेन्जेन्सी कट्टा गरेर घटी निकासा दिएको छ । यसरी नियमावलिमा भएको व्यवस्था विपरितको कार्य अनियमित देखिएको रु
<table>
<tr><th>सि न</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>बजेट</th><th>कन्टिन्जेन्सी कट्टी रकम</th></tr>
<tr><td>१</td><td>रामभक्त प्रावि</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td><td>३६०००</td></tr>
<tr><td>२</td><td>नमूना प्रा वि</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td><td>३६०००</td></tr>
<tr><td>३</td><td>हिमालय प्रा वि</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td><td>३६०००</td></tr>
<tr><td>४</td><td>शिवशंकर आ वि</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td><td>३६०००</td></tr>
</table></td><td>१४४,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **नमुना विद्यालय अनुदानः**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ८.३ अनुसार यस निर्देशिकाको अनुसुची ११ को खण्ड "क", "ख" र "ग" मा उल्लेखित विद्यालयहरुलाई निर्माण कार्यको प्रगति, स्वीकृत गुरुयोजनाको वार्षिक कार्यान्वियन योजना र यस आवमा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्न लागई उक्त निर्देशिकामा भएको व्यवस्था बमोजिम नमूना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान निकाशा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले त्रिभूवन मा वि नलगाड लाई सशर्त पूँजीगतको १३।२०७८।९।३० बाट रु ४५ लाख पेश्की, ६९।२०७९।१।२३ बाट रु २० लाख, ७९।२०७९।३।२१ बाट रु १५ लाख र ८०।२०७९।३।२१ बाट रु ७० लाख निकाशा गरी कूल रु १ करोड ५० लाख निकाशा दिएकोमा उक्त रकम खर्च गरेका विलभर्पाई र आवश्यक कागजात पेश गरेको छैन । विद्यालयले स्वीकृत गुरुयोजना, लागत अनुमान, प्राविधिक मूल्यांकन, खर्चका विल भर्पाइ, कर दाखिलाको प्रमाण, विद्यालय व्यवस्थापन समितिको निर्णय, वडाको सिफारिस, निर्मित संरचनाको फोटो सहितका प्रमाण सिलसिलेवारयुक्त तरिकाले पंजिका सहितका प्रमाण पेश हुनु पर्ने रु | १५,०००,००० |
| ५८ | | | **स्यानीटरी प्याड खरिदः**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६...१२ मा अध्ययनरत छात्राहरुका लागि लागि निशुल्क स्यानीटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान दिने र यो व्यवस्था अनुसार छात्राहरुलाई प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ ।पालिकाले शसर्त चालुको २४३।२०७९।३।२२ बाट १०३९९ प्याकेड र २६८।२०७९।३।२४ बाट १३५६० प्याकेड गरी कूल २३९५९ स्यानीटरी प्याड खरिदमा रु १९९३९८२ खर्च लेखेको छ । उक्त प्याडहरु मध्ये जम्मा ६८८ प्याड मात्र विद्यालयमा हस्तान्तरण गरी बाकी २३२७१ प्याडहरु पालिकाको गोदाममै स्टक राखेको छ । आवश्यकतालाई महशुस नगरी खरिद प्रयोजनार्थ उक्त प्याडहरु खरिद गर्ने र उक्त प्याडहरु सम्बन्धीत ठाउँमा हस्तान्तरण नगर्नेहरुलाई जिम्मेवार वनाइनुपर्ने रु | १,९२७,९५५ |
| ५९ | | | **जलवायु परिवर्तन कार्यक्रम (LAPA) को आम्दानी खर्चः** | |

| सि न | योजनाको नाम | अनुदान रकम | पालिकाको अशं | कार्य सम्पन्न प्रतिवेदन अनुसार कूल काम |
|---|---|---|---|---|
| १ | भेरी नदी तटबन्धन निर्माण उ स | ३९८४५३९ | ५९८००२ | ५१९८३५४ |
| २ | जुरेली खानेपानी आयोजना उ स | ४६४३९२१ | ७९०७१५ | ८१६०११४ |
| ३ | तिपतिपे मुहान संरक्षण गरी औल सिचाई तथा कृषि व्यवस्थापन योजना उ स | ३८६२४८२ | ९१५८३४ | ५६२५५२० |
| ४ | अराखोला आव्राघाट सिचाई तथा कृषि योजना उ स | २९३५२४० | ४८९२७२ | ३९५८५१७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td></td><td></td><td>

**रकम फिर्ता गर्नुपर्नेः**

पालिका अन्तर्गत सञ्चालित योजनामा योजना सञ्चालन गर्दा पालिकाको अशं पनि अनुदान रकमबाट भुक्तानी भएकोले निम्न योजनाको रकम सम्बन्धीत निकायमा पालिकाले फिर्ता गर्नुपर्ने रु

<table>
<tr><th>भौ न र मिति</th><th>स्रोत</th><th>योजनको नाम</th><th>भुक्तानी रकम</th><th>अनुदान रकम</th><th>नगरपालिका को खर्च</th><th>फिर्ता गर्नुपर्ने</th><th></th></tr>
<tr><td>६९।२०७९।३।२५</td><td>प्रदेश सरकार</td><td>फूलचौली लिफ्ट सिचाई योजना</td><td>७९१७२६</td><td>६८३७९६.४</td><td>१०७८८६.४९</td><td>१०७८८६.४</td><td></td></tr>
<tr><td>२८६।२०७९।३।२४</td><td>NCCSP</td><td>भेरी नदी तटबन्धन निर्माण उ स</td><td>४०००००</td><td>३९८४५३९</td><td>१५४६१</td><td>१५४६१</td><td></td></tr>
<tr><td>३१०।२०७९।३।२५</td><td>NCCSP</td><td>तिपतिपे मुहान संरक्षण गरी औल सिचाई तथा कृषि व्यवस्थापन योजना उ स</td><td>३९००००</td><td>३८६२४८२</td><td>३७५१८</td><td>३७५१८</td><td></td></tr>
<tr><td colspan="6">जम्मा</td><td colspan="2">१६०८६५.४</td></tr>
</table>

</td><td>१६०,८६५.४</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>

**कर दाखिला नभएकोः**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ भने दफा ९० मा उक्त कर रकम दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट सञ्चालित कार्यक्रम वापत कट्टी भएका उक्त कर रकम सम्बन्धीतले दाखिला नगरेकोले उक्त कर रकम दाखिला प्रमाण पेश गर्नुपर्ने

<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>३३४।२०७९।३।२८</td><td>प्रचण्ड कुमार कार्की पारिश्रमिक कर</td><td>१५ %</td><td>७८९०</td></tr>
<tr><td>३६०।२०७९।३।३२</td><td>भगवती वोहोरा पारिश्रमिक कर</td><td>१५ %</td><td>१५००</td></tr>
<tr><td></td><td>भगवती वोहोरा पारिश्रमिक कर</td><td>१५ %</td><td>५८५०</td></tr>
</table>

</td><td>१५,२४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद अनुदानः**<br>कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ मा भएको व्यवस्था बमोजिम प्रत्येक पालिकाले प्रतिपरिवार जनही १० हजारका दरले बैक खाता मार्फत रकम वितरण गर्ने व्यवस्था रहेको छ । तर यस पालिका अन्तगर्तका विपन्न परिवारलाई कार्यविधिमा भएको व्यवस्था विपरीत वडा सचिवहरुले वडा अध्यक्षको रोहवरमा भर्पाइको आधारमा ७८८ जना परिवारलाई रु १० हजारका दरले वितरण गरी रु ७८८०००० खर्च लेखेको छ । व्यावहारिकतालाई अनुशरण गर्दे कार्यविधिको अनुसुचिहरुमा भएको व्यवस्था विपरीत रकम वितरण गरेकोले विवाद उत्पन्न भएमा छनौट समीति र वितरण गर्नेलाई नै जिम्मेवार बनाउनुपर्दछ । साथै नियमावलीमा भएको व्यवस्था विपरितको कार्य अनियमित देखिएको रु | ७,८८०,००० |
| ६३ | | | **औषधी खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाहरुले उक्त प्रक्रियावेगर रु.३७ लाख ४६ हजार ६ सय का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः<br><br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **सह लगानी रकम सन्वन्धमाः**<br>१२६।०७८।१०।२३ कृषि क्षेत्र विकास कार्यक्रम ,कार्यक्रम समन्वय कार्यालय,सुर्खेतको पत्रानुसार वौरिताल अनापनी कृषि सडक योजनाका लागि पालिका र उक्त कार्यालयवीच मिति २०७८।८।२९ मा भएको संझौता वमाजिम सहलगानिका लागि रु १९९९६५१ भुक्तानी खर्च लेखेको छ। उक्त रकम कोष तथा लेखा नियन्त्रक कार्यालय ,सुर्खेतको नाममा निकासा गरेको छ।कुल लागत अनुमान रु १९९९६५१४।६५ भएको उक्त कामको लेखापरीक्षण अवधि सम्म उक्त कार्यको अवस्थावारे कुनै विवरण पेश नभएकोले कार्यक्रम को प्रगति साथै कार्यक्रम सम्पन भएको कार्य सम्पन प्रतिवेदन पेश हुनुपर्ने रु<br><br>**क्रम** \| **कर्मचारीको नाम** \| **असुली रकम**<br>६४.१ \| \| ० | १,९९९,६५१ |
| ६५ | | | **कृषि कार्यक्रम तर्फः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता खर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ विजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ ।<br><br>**भौ. नं. मिति** \| **विवरण** \| **विउ विजनको मूल्य**<br>३०४।२०७९।३।२५ \| कफि विरुवा खरिद ६२५० वटा \| ५०००००<br>३२४।२०७९।३।२५ \| कफि विरुवा खरिद ८१२५ वटा \| ६५००००<br>३२६।२०७९।३।२५ \| कफि विरुवा खरिद ८७५० वटा \| ७०००००<br>४।२०७९।१।२२ \| सिमि, करेला, वोडी, काक्रा, टमाटर लगायत तरकारीको विउ ४२३० प्याकेड खरिद \| ३००००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **अनुदानको अनुगमन –**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले ७ कृषि तथा पशुसेवा सहकारी संस्था र समूहलाई रु ३७ लाख ५४ हजार बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा पालिकाबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६७ | | | **नाफामूलक फर्म तथा व्याक्तिलाई अनुदानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्वेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।तर पालकाले यस वर्ष निम्नानुसारका नाफामूलक तथा व्याक्तिगत फर्मलाई अनुदान दिइ खर्च लेखेको छ ।सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । | |

| क्र स | फर्मको नाम | अनुदान रकम |
|---|---|---|
| १ | सोमन मौरी पालन उद्योग | १४४६३३ |
| २ | स्मरण वि किपिङ्ग एण्ड एग्रो इन्डष्ट्रिज | १४५३७२ |
| ३ | श्रेया कृषि फर्म | १२९९०० |
| ४ | खड्का कृषि फर्म उद्योग | १५०००० |
| ५ | लाल मौरी पालन फर्म | १४०५५० |
| ६ | कौशिल्या कृषि फर्म | २००००० |
| जम्मा | | ९१०४५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **अनुदान रकम सम्वन्धमाः**<br>१२३।०७८।१०।२३ स्वस्थ दुध उत्पादनको लागि मिल्कक्याल वितरण कार्यक्रम वापत रु १५०००० खर्च लेखेकोमा खरिद भएका १३ वटा क्यान वितरण नगरि स्टोरमा रहेको पाईयो । कार्यक्रम अनुसार क्यान वितरण कार्य अनुदानमा गर्ने भन्ने भएवाट खरिद भएका क्यान किसानलाई वितरण गरी खर्च रकमको ५० प्रतिशत ले हुने रकम रु ७५०००। सम्वन्धीत किसानवाट लिई पालिकाको खातामा आम्दानी वाधेको प्रमाणपेश गर्नुपर्ने रु | ७५,००० |
| ६९ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br>बैंक खाता छोरीको, सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को दफा ४ मा वि.स. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मीएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु १००० र त्यसपछि मासिकरु ५०० का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यामिक तहसम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बिचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलव्ध नगराउने समेत उल्लेख भएबाट गाउँपालिकाले रकम बैकखातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनुजरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र वनाउनु पर्नेमा पालिकामा २१८ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रकम रु १९७६००० पठाएको हुंदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ । | |
| ७० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम –**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकामा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत पालिकाभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७६६ जनालाई रोजगारी उपलव्ध गराई रु.३ करोड ५४ लाख ४१ हजार ३ सय २४ खर्च गरेको छ । लक्षित वर्गलाई ४० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१</td><td></td><td></td><td>रितपूर्बकको कर बिजक –<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्सबाट मु.अ.कर रु ५६५५० समेत रु. ४९१५५० को सामान खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.<br><table>
<tr><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td>टेक वल्ड इन्टरप्राइजेज प्रा लि</td><td>६००५७६१७६</td><td>फोटोकपी विल</td><td>४९१५५०</td><td>५६५५०</td></tr>
</table></td><td>५६,५५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७२</td><td></td><td></td><td>

**भुक्तानीमा कर –**

आयकर ऐन, २०५८ को दफा ८९ मा भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कर्मचारीलाई शोधभर्ना भुक्तानी गर्दा उक्त भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेकोले सम्बन्धीत कर्मचारीबाट असुल गर्नुपर्ने रु

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| ९४।२०७९।३।३१ | कृति बहादुर विक भुक्तानी | १३५००० | १.५ % | २०२५ |
| ३४७।२०७९।३।३२ | हिमा पुन पे फ | ११७२८० | १.५ % | १७६० |
| ३४९।२०७९।३।३२ | तप्त वहादुर चनारा पे फ | २६१८५० | १.५ % | ३९२८ |
| ३२३।२०७९।३।२५ | प्रचण्ड कुमार कार्की भुक्तानी | ४९००० | १.५ % | ५६५ |
| ३५८।२०७९।३।३२ | भगवती वोहोरा पे फ | ११४५३० | १.५ % | १७१८ |
| | ने रा मा वि अवलगुर्ता विज्ञान प्रयोगशाला निर्माण | ६५०००० | १.५ % | ९७५० |
| | त्रिभूवन मावि तान्न पुस्तकालय निर्माण | ६५०००० | १.५ % | ९७५० |
| | श्री कैलाश कन्या आवि आइसीटी निर्माण | ६५०००० | १.५ % | ९७५० |
| | वलविर विक भुक्तानी | ४००००० | १.५ % | ६००० |
| | भगवती कुमारी वोहोरा भुक्तानी | २५६०० | १.५ % | ३८४ |

</td><td>४५,६३०</td></tr>
<tr><td>७३</td><td></td><td></td><td>

**जिल्ला दररेट भन्दा वढी दरमा भुक्तानीः**

५४।२०७८।०९।२८ साडटा टट्टा चावलेचौर सडक निर्माण उपभोक्ता समितिलाई सडक निमार्ण वापत रु १००००००। भुक्तानी गरेकोमा पेश भएको ठेक्का वील तथा कार्य सम्पम्न प्रतिवेदन Earthwork in excavation on ordinary rock को ग्रति घ.मि. २९४ मेशिन प्रयोगको ले भुक्तानी गरेको पाइयो ।उक्त कार्यको जिल्ला दर मेशिन प्रयोग गर्दाको हकमा रु २५०। भएकोले प्रति घ.मि. रु ४४ ले बढी भुक्तानी भएको छ। यसरी जिल्ला दररेट भन्दा बढी भुक्तानी गर्नाको कारण भए पेश गर्ने अन्यथा बढी भुक्तानी भएको प्रति घ.मि. रु ४४ ले २८२.५६ घ.मि.को हुने रु १२४३३ अशुल गर्नुपर्ने रु

</td><td>१२,४३३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **वितरणमुखि कार्यक्रमः**<br>स्थानिय निकायर्ले प्राप्त रकमवाट वढी भन्दा वढी प्रतिफल हुने कार्यमा खर्च गर्दा नियमितता, मितव्ययिता,प्रभाकारीता, कार्यक्षमता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। नगरपालीकाको यस आ.व.मा पूजिगत बजेट वाट रु २६९९१५३। को पाईप खरिद गरी विभिन्न व्यक्तिहरुलाई वितरण गरेको छ। खानेपानी तथा सिचाई कार्यका लागि आवश्यक पर्ने पाईप जिल्ला स्थित अन्य सरकारी कार्यालय (जिल्ला कृषि विकास कार्यालय खानेपानी तथा सिचाई कार्यालय) वाट समेत योजना अनुसार वितरण गर्ने भएकाले पालिकाबाट वितरण गर्ने पाईप ती योजनाहरुमा प्रयोग व्यक्तिगत फाईदा लिने अवस्था रहने देखिन्छ।सो तर्फ पालिकाले ध्यान दिदै खर्च गर्ने रकमको वढीभन्दा वढी प्रतिफल हुने कार्यमा लगानी गर्ने र वितरण मुखि कार्यमा कम खर्च गर्ने तर्फ ध्यानदिनु पर्छ। | |
| ७५ | | | **कार्यसम्पादन जमानतरको म्याद थप बारेः-**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(१) मा वोलपत्र दाताले ऐनको दफा २७(४) बमोजिमको ढाँचामा दफा २७(३) बमोजिमको म्यादभित्र वाणिज्य बैकबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने उल्लेख छ । नियम ११०(४) मा त्यस्तो कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको हकमा त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्नाले कार्य सम्पन्न गर्ने अवधि भन्दा एक बर्ष पछिको हुने भएकोले कार्यसम्पादन जमानतको म्याद कार्यसम्पादन गर्ने अवधि भन्दा १३ महिना बढी अवधिको हुनुपर्छ । पालिकाबाट सम्झौता भएका निम्न निर्माणकार्यको कार्यसम्पादन जमानत नियममा उल्लेख भएको अवधि भन्दा घटी अवधिको भएकोले नियमानुसार कार्य सम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ४,४५३,७३२ |

| कामको विवरण | निर्माण व्यवसायी | संझौता मिति | सम्पन्न गर्ने मिति | जमानतको मिति | जमानतको हुनुपर्ने मिति | जमानत रकम |
|---|---|---|---|---|---|---|
| जुरेली हेल्थ पोष्ट भवन निर्माण वडा न १ | अनमोल निर्माण सेवा | २०७८।११।८ | २०७९।९।१५ | २०८०।४।१५ | २०८०।१०।१४ | ११९९७३२ |
| शहिद स्मृति भवन निर्माण | मनकामना कन्स्ट्रक्सन निर्माण एण्ड सप्लायर्स | २०७८।५।३१ | २०७९।९।१८ | २०८०।६।२६ | २०८०।१०।१७ | ३२५४००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७६</td><td></td><td></td><td>नन्फाइलरः<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर समेत रकम भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु
<table>
<tr><td>गोभौनं./मिति</td><td>भुक्तानी पाउनेको नाम</td><td>प्यान नं.</td><td>भुक्तानी रकम</td><td>मुअकर कर रकम</td><td>नन्फाइलर रहेको मिति</td></tr>
<tr><td>३३२।२०७९।३।९</td><td>गंगासागर मिडिया प्रा लि</td><td>६०९७२९०३८</td><td>२३९१९३६</td><td>२७५१७८</td><td>२०७९ M १</td></tr>
<tr><td>३।२०७८।७।२९</td><td>बाला त्रिपुरासुन्दरी निर्माण सेवा</td><td>६०६८९०९६२</td><td>२१४७२७०</td><td>२४७०३१</td><td>२०७७ M २</td></tr>
<tr><td>३५।२०७८।११।२९</td><td>बाला त्रिपुरासुन्दरी निर्माण सेवा</td><td>६०६८९०९६२</td><td>१५७०३९६</td><td>१८०६६५</td><td>२०७७ M २</td></tr>
<tr><td>२७०।०७८।१०।१४</td><td>मिशन ईन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा लि</td><td>३०५७२३३१२</td><td>४९८३३०</td><td>५७३३०</td><td>२०७९ एम २</td></tr>
</table></td><td>७६०,२०४</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर कट्टीः<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७८।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार मुअकरको ३० प्रतिशत रकम कट्टी नगरी घटी कट्टी गरेको तथा राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको तथा घटी मुअकर कट्टी देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु
<table>
<tr><td>गोभौनं./मिति</td><td>भुक्तानी पाउनेको नाम</td><td>प्यान नं.</td><td>भुक्तानी रकम</td><td>मुअकर कर रकम</td><td>३० प्रतिशत रकम</td></tr>
<tr><td>७७।२०७८।१०।७</td><td>इन्भारमेन्ट एण्ड इन्जिनियरिङ्ग रिसर्च सेन्टर प्रा लि</td><td>६०४३५५३७६</td><td>४०३४१०</td><td>४६४१०</td><td>१३९२३</td></tr>
<tr><td>७८।२०७८।१०।७</td><td>माउण्ट डिजिट टेक्नोलोजी प्रा लि</td><td>५००१९८८१६</td><td>३४५७८०</td><td>३९७८०</td><td>११९३४</td></tr>
<tr><td>२७१।२०७९।१।१२</td><td>मेजर डिजाइन प्रा लि</td><td>६०६५३२४३७</td><td>९९५६४३</td><td>११४५४३</td><td>३४३६२.९</td></tr>
<tr><td>१७४।२०७८।१२।१३</td><td>गंगासागर मिडिया प्रा लि</td><td>६०९७२९०३८</td><td>४५५८५०</td><td>५२४४३</td><td>१५७३३</td></tr>
</table></td><td>७५,९५२.९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७८</td><td></td><td></td><td>धरौटी कट्टी नगरेकोः<br>सार्वजनिक खरिद नियावली २०६४ को नियम १२३(४ )मा सार्वजनिक निकायले खरिद संखातामा आम्दानी झौता बमोजिम विल वा बीजकको भुक्तानी गर्दा रिटेन्सन मनी बापत रनिङ वा अन्य बिल वा बीजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने उल्लेख छ।पालिकाले तपशिल बमोजिमको ठेक्का वा करार संझौता बमोजिमको रकमको भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नुपर्ने रिटेन्सन मनी कट्टी नगरेकोले नियमको पालना गरेको पाईएन।तसर्थ नियमानुसार धरौटी कट्टी गरी धरौटी खातामा आम्दानी बाध्नुपर्ने रु
<table>
<tr><th>भौ.नं.मिति</th><th>कामको विवरण</th><th>भुक्तानी पार्टी</th><th>भुक्तानी रकम</th><th>कट्टी गर्न वाकि रकम</th></tr>
<tr><td>२६०।२०७९।१।९</td><td>खन्टाकुरा जुम्ल्या सल्ली सडक</td><td>सुविना कन्स्ट्रक्सन</td><td>१२५७१०८</td><td>५५६२४</td></tr>
</table></td><td>५५,६२४</td></tr>
<tr><td>७९</td><td></td><td></td><td>पुर्व निर्धारित क्षतिपूर्ति सम्वन्धमाः<br>सार्वजनिक खरिद नियामवली २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थप गर्ने सम्वन्धमा उल्लेख छ। त्यस्तै नियम १२१ मा पूर्वनिर्धारित क्षर्तिपुर्ति सम्वन्धमा उल्लेख छ। सिरुवा पारिकार वाटो निर्माण वडा नं.१३ कार्यको निर्माणका लागि वलि निर्माण सेवा जाजरकोट संग मिति २०७८।११।११ मा रुं ३८८३१८९।७३ को सम्झौता भएको छ। संझौता भएको छ। संझौता अनुसार उक्त कार्य २०७९।०२।३१ मा सम्पन गर्नुपर्ने देखिन्छ। निर्माण व्यवसायीले सो कार्यको म्यादथप भएको पत्र पेश भएको छैन। तसर्थ म्यादथप भएको भएको भए सो को प्रमाण पेश गर्ने अन्यथा नियमानुसार पर्व निर्धारित क्षतिपुर्ति वापत म्याद समाप्त भएको अवधि २०७९।२।३१ पछि ०७९।३।३१ सम्मके ३१ दिनको प्रति दिन संझौता रकमको ०.०५ प्रतिशतले हुने रु ६०२०२। अशुल गर्नुपर्ने रु</td><td>६०,२०२</td></tr>
<tr><td>८०</td><td></td><td></td><td>पेश्की फछ्यौट रकम विजकमा समावेशि नगरेकोः<br>नगरपालिकाको भवन निर्माण का लागि सन्तोष निर्माण सेवा जाजरकोट सँग मिति २०७७।०३।१४ मा रु १०३१४४७८।०५ (मुअकर समेत) को सम्झौता भएको देखिन्छ । उक्त कार्यको तेश्रो रनिङ्ग विल वापत १४३।२०७८।११।१५ बाट रु २८१५३७३।५४ खर्च लेख्नुपर्नेमा पेश्की फर्स्यौट गरेको रु १५ लाख बाहेकको रकम रु १३१५३७३।५४ को बिजक जारी भइ सोही अनुसार रकम भुक्तानी खर्च लेखेको छ । नियमअनुसार निर्माण व्यवसायीले ठेक्काविलमा उल्लेख भए अनुसार रकमको वीजक जारी गर्नुपर्नेमा घटी वीजक जारी गरेकोले नियमअनुसार कट्टी गर्नुपर्ने रकम घटि कट्टी गरेको छ । तसर्थ घटी कट्टी गरेको तपसील बमोजिमको रकम असुल गरी सम्बन्धीत खातामा दाखिला गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>८०.१</td><td></td><td></td><td>क) रु १५ लाखको अग्रिम कर वापत हुने रु १९९१२ असुल गरी दाखिला गर्नुपर्ने रु</td><td>१९,९१२</td></tr>
<tr><td>८०.२</td><td></td><td></td><td>ख) रु १५ लाखको मुअकर वापत हुने रु १७२५६६ को कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु</td><td>१७२,५६६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८०.३ | | | ग) रु २८१५३७३।५४ को धरौटी वापत हुने रु १२४५७४ कट्टी गरी धरौटी आम्दानी बाध्नुपर्ने रु | १२४,५७४ |
| ८१ | | | **फिल्ड निरिक्षण सम्बन्धमाः**<br>**वडा नं. ७ मा पन्ध्र शैया अस्पताल निर्माणः** अस्पताल भवन निर्माण गर्न मिति २०७८।६।२२ मा निमार्ण व्यवसायि प्रेररा खड्का।कृष्ण क्याराभान जे.भी. काठमाडौं सँग रु २२०२६३५५८।६५ (मुअकर र पीएस समेत) को सम्झौता भएको र उक्त कार्यको सम्पन्न गर्ने म्याद मिति २०८०।०३।१५ रहेको छ। एक्काईस महिना अवधि रहेको उक्त कार्यको लेखापरिक्षण अवधि मिति २०७९।०९।०३ मा अर्थात कार्य शुरु भएको १५ महिना सम्म डिपिसी लेभलको काम सम्पन्न भै पिलर मात्र उठाएको पाईएकोले समयमा कार्य सम्पम्न हुन नसक्ने देखिन्छ। यस आ.व.मा सो कार्यका लागि पेश्की वापत रु २८६३४२६२। दिएको छ भने रकम अभावका कारण र निङ विल भुक्तानी गर्न नसकेको पालिकाको भनाई रहेको छ। तसर्थ समयमै आवश्यक रकमको व्यवस्था गर्ने र समयमै कार्य सम्पत्र गरी जनतालाई स्वास्थ सेवामा सुविधा पुर्याउने कुरामा सम्वन्धीत पक्षले ध्यान दिनुपर्ने देखिन्छ।<br><br><br>**चित्रः अधुरो पन्ध शैया अस्पताल** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८२ | | | **सोझै खरिद –**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष स्यानीटरी प्याड खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ रु. १९९३९८२ को सोझै खरिद गरेको देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | **अधुरा आयोजना –**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष देहायअनुसार योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| गो.भौ नं/मिति | योजनाको नाम | लागत अनुमान | मूल्यांकन | यस वर्ष भुक्तानी | लागत अनुमान अनुसारको कूल काम % |
|---|---|---|---|---|---|
| ८७।२०७९।३।२५ | खेलकुद पूर्वाधार निर्माण | ४००५५४९.५१ | ७६५८७८.४ | ६४९३११ | १९.१२ |
| ६१।२०७९।३।२५ | नलगाड बहुमुखी क्यापस भवन निर्माण | २८०१५६८.६५ | २१८७४३४.८५ | १५१४७९८.६३ | ७८.०८ |
| ६८।२०७९।३।२५ | हिमचुली प्रावि भवन निर्माण | ३६८८२६२.१२ | ३०४९८९६.०९ | १६०४२४५ | ८२.६९ |
| ६९।२०७९।३।२५ | फूलचौली लिफ्ट सिचाई | २७१७५४०.९१ | ९५७९६६.४२ | ७९१७२६ | ३५.२५ |
| ७०।२०७९।३।२५ | सरस्वती प्रा वि भवन निर्माण | ३४७७७१४.२३ | २६६०६६२.४७ | १४९९५४९ | ७६.५ |
| २।२०७९।९।३० | गर्छौंना पनेपाल्त कयान्द कैलासी सडक निर्माण | ८१४७४९७.५ | ४५१०३२८.६३ | ३९२८०४५.२ | ५५.३५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८४ | | | **हेभी इक्विपमेण्टको प्रयोग —**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| खन्टाकूरा जुम्ल्यासल्ला हुदै मायाडाडा सडक निर्माण उ स | सडक निर्माण | २४२४७११ | डोजर | १८९१४०० |
| अनापाती कल्पत पाली सडक निर्माण उ स | सडक निर्माण | ९८०००० | डोजर | ९९५४०० |
| छेप्का कैना किटेनी सडक निर्माण उ स | सडक निर्माण | ९६७३१९ | डोजर | २७०००० |
| कालिमाटी खान्टाकुरा सिर्के सडक स्तरोन्नती उ स | सडक निर्माण | १६५०७५० | डोजर | ६७०३०० |
| कान्जा बुकेटाकुरा कालिकाथान सडक निर्माण उ स | सडक निर्माण | ९५०१०६ | डोजर | ९८२८०० |
| कालिमाटी स्यानावन चाउलेचौर सडक निर्माण उ स | सडक निर्माण | १९०५७१२ | डोजर | १९०५७१२ |
| जुरेली बडालेख खउला सडक निर्माण उ स | सडक निर्माण | २३७१३५७ | डोजर | २२००००० |
| गर्छीना सिनेपाल्त कयान्द कैलासी सडक निर्माण उ स | सडक निर्माण | ३९२८०४५ | डोजर | ३९३१२०० |
| गर्छीना सिनेपाल्त कयान्द कैलासी सडक निर्माण उ स | सडक निर्माण | ७१८११४८ | डोजर | ७१९१८०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५ | | | **लागत सहभागिता —**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद तथा श्रमको लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित पालिकाको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने देखिन्छ । तर पालिकाले टट्टा हुदै भदाले हरेचौर सम्म पदमार्ग कार्यमा उपभोक्ता समीतिको तर्फबाट हुने लागत सहभागिता जम्मा ३ प्रतिशत मात्र राखेर कार्यसम्पन्न गरेको छ । साथै पालिकाले यस कार्यमा लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन् । अतः पालिकाले लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ८६ | | | **जनश्रमदान –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. | ५५,०९४ |

| गो.भौ नं/मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने % | कट्टी भएको रकम | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|---|
| ३४। २०७८।१२। १७ | कुसेनी देखि भेगुरे मंसिरी पदमार्ग निर्माण उ स | ११३९४९६.०४ | १०९८७२७.८५ | १४ | ९८७२७.८५ | ५५०९४.०५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८७ | | | **अधुरा निर्माण –**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष देहायअनुसार रु.१८१२९४५८।०० का देहायका १० योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| क्र स | योजनाको नाम | कार्यक्रम गर्ने ठेकेदार वा फर्म तथा ब्यक्ति | हालसम्म भुक्तानी रकम | भुक्तानी दिन बाँकी रकम |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | लक्ष्मी प्रा वि नलगाड न पा १३ सिउन | उ स | २५००००० | ५००००० | |
| | | | २ | हिमालचुली प्रा वि भवन निर्माण नलगाड न पा ५ | उ स | १६४०२४५ | ३५०००० | |
| | | | ३ | सिउन परिवगर सडक निर्माण नलगाड न पा १३ | ठेक्का | ३८०००० | ३५०३१९० | |
| | | | ४ | जुरेली स्वास्थ्य चौकी नलगाड न पा १ | ठेक्का | ४९०५१५ | ४४१४६४० | |
| | | | ५ | सिउन स्वास्थ्य चौकी भवन निर्माण नलगाड न पा १३ | ठेक्का | ३७१७६७२ | ३०८३३०८ | |
| | | | ६ | फुलचावली लिफ्ट खानेपानी निर्माण नलगाड न पा ३ | उ स | ७९१६८२ | २२४८३२० | |
| | | | ७ | रेडक्रस सोसाईटी डाँडागाउँ शाखा भवन निर्माण नलगाड न पा २ | संचालक समिति | ५००००० | १५००००० | |
| | | | ८ | नलगाड बहुमुखी क्याम्पस तला थप नलगाड न पा ७ प्रदेश अधुरो | उ स | १५१४००० | ४३०००० | |
| | | | ९ | त्रिभवन मा वि तात्र भवन निर्माण नलगाड न पा ९ | उ स | ४९५८१२२ | ७००००० | |
| | | | १० | तपोभुमि मा वि ध्यारगाउँ भवन निर्माण नलगाड न पा १० | उ स | १७८७२२४ | ४००००० | |
| | | | ११ | भेरीखोला काँडादह्ली बफेल गाउँ खगेनकोट सम्म बृहत खानेपानी योजना नलगाड न पा ७ | जनचाहाना जयक जेभि | ५३८०८०६ | १०००००० | |
| | | | **जम्मा** | | | **२३६६०२६६** | **१८१२९४५८** | |
| ८८ | | | **उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले गर्छीना सिनेपाल्त कयान्द कैलासी सडक निर्माण उ स पूर्वाधार विशेष कार्यक्रमबाट रु ८१४७४९७ को लागत अनुमान बनाई रु ४५१०३२८ को मूल्यांकन गरी रु ३९२८०४५ भुक्तानी गरेको छ । त्यसैगरी मुख्यमन्त्री रोजगार कार्यक्रमको ९।२०७८।१२।१७ बाट रु. ८५९२२६४ लागत अनुमान बनाई रु ८५७३४१२ को कूल मूल्याकन गरी रु. ७१८११४९ भुक्तानी गरी एउटै उपभोक्ता समीतिबाट सिमाभन्दा वढीको कार्य समितिबाट गराएको पाइयो । उक्त योजनामा यस वर्ष रु. १११०९१९३ खर्च लेखेको छ ।सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ । | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८९</td><td></td><td></td><td>सव कन्ट्याक्टरबाट काम गराएको :<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले सडकको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ ।<br>
<table>
<tr><th>गो.भौ नं/मिति</th><th>उपभोक्ताको नाम</th><th>भुक्तानी रकम</th><th>निर्माण व्यवसायीको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१७।२०७९।३।२३</td><td>ठूलो कैचु देखि सानो कैचु सम्म सडक निर्माण उ स</td><td>४९०४९९१</td><td>सुमन निर्माण सेवा</td><td>४९०४९९१</td></tr>
</table></td><td></td></tr>
<tr><td>९०</td><td></td><td></td><td>गुणस्तर परीक्षण -<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस पालिकाले निम्न उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।<br>
<table>
<tr><th>सि न</th><th>उपभोक्ता समीतिको नाम</th><th>सामान</th><th>रकम</th></tr>
<tr><td>१</td><td>छेप्का तटबन्धन निर्माण उ स</td><td>Gabion box (2*1*1)= 181 वटा</td><td>६०९७२१</td></tr>
<tr><td>२</td><td>भेरी नदी तटबन्धन निर्माण उ स</td><td>Gabion box (2*1*1)= 175 वटा<br>Gabion box (3*1*1)= 70 वटा<br>Gabion box (1.5*1*1)= 280 वटा</td><td>२००४३३८</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९१ | | | **उपभोक्ता समितिले सव कन्ट्याक्टवाट काम गराएकोः**<br>सार्वजनिक खरिद नियामवली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले र सम्पन्न गर्नुपर्ने कुनै निर्माण व्यवस वा कन्ट्याक्सन वाट गराउन सकिने छैन भन्ने छ । कुनै कारण वश सो समिति वा समुदायले आफैले सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सुचना सार्वजनिक निकायलाई दिनुपर्ने र सार्वजनिक निकायले सचुना प्राप्त सो सम्वन्धमा आवश्यक जाँच गरी भएको संझौता तोकी वाँकि काम ऐन र नियमावली वमोजिम गराउनु उल्लेख छ । नगरपालीकाको वडा नं. ९ को कार्यलय भवन निर्माणका लागि रु ४० लाख बजेट विनियोजन गरी भवन निर्माण उपभोक्ता समिति सँग मिति २०७८।०९।२१ मा रु ४४९६०३४।९० को संझौता गरेको पाइयो । उपभोक्ता समिति ले एसवाई प्यानलको भवन वनाउन पुनः रु ३०५९६७०। को लागत अनुमान तयार गरी सामान्य कोटेशनमा आधारमा सिर्जन ट्रेडस् एण्ड सप्लायर्स, नेपालगञ्ज सँग रु २९०५६७०।(मुअकर समेत) को संझौता गरेको देखियो । उपभोक्ता समितिले कार्य सम्पन्न पश्चात रु ३९११७७१।२७ को विल पेश गरेकोमा नगरपालिकावाट रु ३४८०३०२। भुक्तानी गरेको छ। भने एसवाई प्यानल वापत सिर्जन ट्रेडर्सलाई रु २३५५५००।(मुअकर समेत) भुक्तानी गरेको छ। यसरी नियममा भएको व्यवस्था विपरित उपभोक्ता ले आफ्नो जिम्माको काम सबकन्ट्याक्ट गराएको र पालिकाले खरिद कानुन बमोजिम खरिद कार्य अगाडि नवढाएकोले उक्त कार्यमा भएको खर्च अनियमित देखिएको रु | ३,४८०,३०२ |
| ९२ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९३</td><td></td><td></td><td>
उपभोक्ता समूहले नियमको पालना नगरेको :<br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम ६ मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ । उपभोक्ता समुह मार्फत भएका कार्यहरु सार्वजनिक खरिद ऐन नियम अनुसार हुनु पर्नेमा सो बमोजिम भए गरेको पाइएन । अत: जिम्मेवार कार्यालय प्रमुखले त्यस प्रकारका कार्यको नियन्त्रण गर्ने तर्फ ध्यानाकर्षण हुनु पर्ने देखियो । उपभोक्ता समितिबाट पेश भएका नियम विपरितका कार्यहरुको केही उदाहरण निम्नानुसार छन्:
<table>
<tr><th>उपभोक्ता समिति</th><th>भुक्तानि रकम</th><th>कैफियत</th></tr>
<tr><td>साल्धारा सिचाई निर्माण उ स</td><td>३९५०८८३</td><td>११६२३१० को निर्माण सामग्री एउटै विक्रेता (लक हार्डवेयर सप्लायर्स) बाट सोझै खरिद गरेको</td></tr>
<tr><td>भेरी नदी तटबन्धन निर्माण उ स</td><td>४०००००० </td><td>२००४३३७ को निर्माण सामग्री एउटै विक्रेता (लक हार्डवेयर सप्लायर्सबाट) बाट सोझै खरिद गरेको</td></tr>
<tr><td>जुरेली खानेपानी आयोजना उ स</td><td>४६४३९२१</td><td>१४७१०७१ को निर्माण सामग्री विभिन्न विक्रेता बाट टुक्रा पारी खरिद गरेको</td></tr>
<tr><td>तिपतिपे मुहान संरक्षण गरी औल सिचाई तथा कृषि व्यवस्थापन योजना उ स</td><td>३९०००००</td><td>१२८५९३० को निर्माण सामग्री एउटै विक्रेता (देविका ट्रेडर्स एण्ड सप्लायर्स) बाट सोझै खरिद गरेको</td></tr>
<tr><td>अराखोला आव्राघाट सिचाई तथा कृषि योजना उ स</td><td>२९३५२४०</td><td>१५९१४२९ को पाइप एउटै विक्रेता (टण्डन प्लास्टिक प्रा लि) बाट सोझै खरिद गरेको</td></tr>
<tr><td>जुरेली सौर्य विद्युत उत्पादन योजना उ स</td><td>३५७०१८६</td><td>३५७०१८६ को सोलार सेट एउटै विक्रेता (ब्राइट भिजन इनर्जी) बाट सोझै खरिद गरेको</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९४ | | | **परामर्श सेवा –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.४ लाख ९२ हजार ५ सय खर्च लेखेको पाइयो । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ९५ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.३० लाख कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ९६ | | | **सार्वजनिक परीक्षण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम पालिकाले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९७</td><td></td><td></td><td>डीपीआर खर्च –<br>बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।<br>
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>जुरेली स्वास्थ्य चौकी भवन निर्माण नलगाड १ जुरेली जाजरकोट</td><td>मिशन ईन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा लि</td><td>५०००००</td><td>४९२५०<br>०</td><td>८३०५५७०</td></tr>
<tr><td colspan="2">जम्मा:</td><td>५०००००</td><td>४९२५०<br>०</td><td>८३०५५७०</td></tr>
</table></td><td></td></tr>
<tr><td>९८</td><td></td><td></td><td>सामाजिक सुरक्षाः<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा निम्नअनुसार व्यहोराहरु देखिएका छनः</td><td></td></tr>
<tr><td>९८.१</td><td></td><td></td><td>पालिकाले यस आवमा सामाजिक सुरक्षा भत्ता ३ वटै चौमासिकमा बैकिङ प्रणाली मार्फत लाभग्राहीको बैक खातामा वितरण गरेको देखियो । साथै पालिकाले मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम मूल अभिलेखबाट कट्टा गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९८.२ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा पालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ । | |
| ९९ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । रु.हजारमा | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ११५७१६ | १०२७२३ | १२९९३ |

यस वर्ष फस्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७७।०७८ | २७ | फिर्ता बाँकी अनुदान फिर्ता भएको | २४६४१२५८ | ० | ० | ० | २४६४१२५८ |
| २ | २०७७।०७८ | ४१ | छुट राजश्व दाखिला भएको | ७९०८७६ | ० | ० | ० | ७९०८७६ |
| ३ | २०७७।०७८ | ४२ | नहकुली निर्माण सेवा एण्ड सप्लार्यसको छुट धरौटी दाखिला | ३४६३५५ | ० | ० | ० | ३४६३५५ |
| ४ | २०७७।०७८ | ७४ | पेश्की बाँकी रकम असुल दाखिला | १६०० | ० | ० | ० | १६०० |
| ५ | २०७७।०७८ | ७५ | सामाजिक सुरक्षा भत्ताको पेश्की फस्यौंट | ० | २३९१४८०३ | ० | ० | २३९१४८०३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७।०७८ | ७७ | सामाजिक सुरक्षा भत्ताको पेश्की फस्यौंट | ० | २४२७८३५८ | ० | ० | २४२७८३५८ | |
| | | | ७ | २०७७।०७८ | ७९ | छुट पारिश्रमिक कर असुल दाखिला | १४०८९४ | ० | ० | ० | १४०८९४ | |
| | | | ८ | २०७७।०७८ | ८१।१ | छुट पारिश्रमिक कर असुल दाखिला | १५३७५ | ० | ० | ० | १५३७५ | |
| | | | ९ | २०७७।०७८ | ८१।२ | छुट पारिश्रमिक कर असुल दाखिला | १५५०० | ० | ० | ० | १५५०० | |
| | | | १० | २०७७।०७८ | ८२ | छुट पारिश्रमिक कर असुल दाखिला | २४२०० | ० | ० | ० | २४२०० | |
| | | | ११ | २०७६।०७७ | २ | बैक हिसाब मिलान विवरण पेश भएको | ० | १४१६२७९१।२ | ० | ० | १४१६२७९१।२ | |
| | | | १२ | २०७६।०७७ | ३१ | पेश हुन छुट भएको कर समायोजन पेश भएको | ० | १४७१३४ | ० | ० | १४७१३४ | |
| | | | १३ | २०७६।०७७ | ४२ ४३ ४४ ४५ ४७ | गल्तीले बढी विधार्थीलाई भुक्तानी गरेको भनेकोमा सच्याई प्रमाण पेश भएको | ० | २९०७७९७ | ० | ० | २९०७७९७ | |
| | | | १४ | २०७६।०७७ | ६७ | छूट वितरण भरपाई पेश भएको | ० | ३३८००७ | ० | ० | ३३८००७ | |
| | | | १५ | २०७६।७७ | ७७ | बढी भुक्तानी असुल दाखिला भएको | २२४४० | ० | ० | ० | २२४४० | |
| | | | १६ | २०७६।७७ | ८२ | छूट कर तथा शुल्क असुल दाखिला | ४७४७५ | ० | ० | ० | ४७४७५ | |
| | | | १७ | २०७६।७७ | ४८।१ | पेश्की असुल दाखिला भएको | १८२४६४ | ० | ० | ० | १८२४६४ | |
| | | | १८ | २०७६।७७ | ५०।१ | पेश्की असुल दाखिला भएको | ३५०००० | ० | ० | ० | ३५०००० | |
| | | | १९ | २०७६।७७ | ५०।३ | अग्रिम आयकर असुल | १९३०६ | ० | ० | ० | १९३०६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ५०।५ ६९ ७० | दाखिला | | | | | | |
| | | | २० | २०७६।०७७ | ८८ | पेश्की बाँकी फर्स्योट (वलविर विक) | ० | ० | ० | ३०००००० | ३०००००० | |
| | | | २१ | २०७६।७७ | ८८ | पेश्की बाँकी असुल दाखिला साईली साँधु सडक निमार्ण | ४३५३२२ | ० | ० | ० | ४३५३२२ | |
| | | | २२ | २०७५।०७६ | २२ | छूट नापी किताव पेश भएको | ० | ९१५०० | ० | ० | ९१५०० | |
| | | | २३ | २०७५।७६ | २७ | सोझै खरिद गरेको २०७६।७।२४ को नगरकार्यपालिबाट नियमित भै आएको | ० | ० | ३२५५००० | ० | ३२५५००० | |
| | | | २४ | २०७५।७६ | २८ | परामर्शसेवाको कार्य नियमित गरेको प्रमाण पेश भएको | ० | ० | ५००००० | ० | ५००००० | |
| | | | २५ | २०७५।७६ | ३८ | छूट भएको कार्यसम्पन्न प्रतिवेदन पेश भएको | ० | १६८७७३ | ० | ० | १६८७७३ | |
| | | | २६ | २०७५।०७६ | ३९ | कार्यसम्पन्न प्रमाण पेश भएको जनप्रिय प्रा वि पिउली १५९५१९७ लक्ष्मी प्रा वि १६०००० जनविकास आ वि रावतगाउ ६८९४२३ सुर्योदय मा वि कैना १८०००००० जानकी मावि मैदे ६५३९८० | ० | ४८९८६०० | ० | ० | ४८९८६०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७ | २०७५।७६ | ४३ | विरुवा खरिद नियमित गर्नुपर्नेमा नपा को ०७६।७।२४ को निर्णय अनुसार नियमित गरी पेश भएको | ० | ० | ६९२००० | ० | ६९२००० |
| २९ | २०७५।७६ | ४३ | छुट प्रमाण पेश भएको | ० | ३५००० | ० | ० | ३५००० |
| | | | **जम्मा** | **२७०३३०६५** | **७०९४२७६३।२** | **४४७०००** | **३०००००** | **१०२७२२८२८।२** |

उल्लिखित सम्परीक्षणबाट निम्नानुसार थप वेरुजु कायम भएको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | २०७६।०७७ | ८८ | वलविर विक को पेश्की बेरुजु फस्यौंटमा करकट्टी रकम दाखिला भौचर संलग्न नभएको ले दाखिला प्रमाण पेश गर्नुपर्ने रु | ३७९८० |

**अद्यावधिक वेरुजु -** यस पालिकाको २०७८।७९ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ११५७१६ | १०२७२३ | ६६०३३ | ३८ | ७९०६४ |

https://nams.oag.gov.np